## उच्चायुक्तको कार्यालय नेपालले कसरी काम गर्छ ?

उच्चायुक्तको कार्यालयले हिंसाबाट पीडितहरू, तिनका परिवारहरू, संचारमाध्यम, राज्यका निकाय वा अधिकारीहरू तथा नागरिक समाजलगायत विभिन्न स्रोतहरूबाट सूचना प्राप्त गर्दछ। सूचना प्राप्त गरेपछि उच्चायुक्तको कार्यालयले त्यस्ता दाबी र उजूरीहरूको अनुसन्धान गर्न सक्छ र आवश्यक परेमा नेपाल सरकार र अन्य संयुक्त राष्ट्रसङ्घीय कार्यालयहरूलाई जानकारी दिन सक्छ।

उच्चायुक्तको कार्यालयले देशको कुनै पनि भागमा र सबै कारागार एवं थुना गृहहरूमा र केरकार गर्ने ठाँउहरूमा पूर्वसूचना बिना नै भ्रमण गर्न सक्छ। अधिकारीहरू उच्चायुक्तको कार्यालयले मागेका कुनै पनि कागजातहरू उपलब्ध गराउन बाध्य हुन्छन्।

उच्चायुक्तको कार्यालयले मानवअधिकारसम्बन्धी तालिम प्रदान गर्दछ र राज्यलाई मानवअधिकारसम्बन्धी नीति र कानुनको बारेमा सिफारिस गर्दछ।

सागर श्रेष्ठ/ओएचसिएचआर-नेपाल




## उच्चायुक्तको कार्यालय नेपालले किन तपाईंसंग कुरा गर्न चाहन्छ ?

उच्चायुक्तको कार्यालय नेपालका अधिकृतहरूले सम्भावित मानवअधिकार उल्लङ्घनको बारेमा जानकारी हासिल गर्न तपाईंसंग कुरा गर्न सक्नेछन्। वा, उनीहरूले तपाईंको इलाकामा मानवअधिकारको अवस्थाको बारेमा सामान्य जानकारी हासिल गर्न खोज्नेछन्।

## उच्चायुक्तको कार्यालय नेपाललाई तपाईंले कसरी उजूरी गर्न वा सूचना दिन सक्नु हुन्छ ?

मानवअधिकार उल्लङ्घनको उजूरी गर्न वा सूचना दिन तपाई उच्चायुक्तको कार्यालय नेपालको कुनै पनि कार्यालयमा जान सक्नुहुन्छ वा तल सूचिबद्ध गरेका कुनै पनि नम्बरमा सम्पर्क गर्न सक्नुहुन्छ। तपाईंले उच्चायुक्तको कार्यालयसंग गरेका हरेक कुरा गोप्य राखिनेछ।


### सम्पर्क विवरण

**प्रधान कार्यालय/मध्यमाञ्चल क्षेत्र**
सिलु बिल्डिङ, छाउनी, म्युजियम रोड,
वडा नं १३, छाउनी, पोष्ट बक्स. २४५५५ काठमाडौं
टेलिफोन: ०१-४२८०१६४, फ्याक्स: ०१-४६७०७१२
इमेल: registry.np@ohchr.org

**उपशाखा कार्यालय**
शिव चोक, जनकपुर-२, धनुषा
टेलिफोन: ०४१-५२७५५०/५२, फ्याक्स: ०४१-५२७५५१

**पूर्वाञ्चल क्षेत्र**
बिनायक रोड, तीनटोलिया-१४,
ब्लक नं.-१८, विराटनगर
टेलिफोन: ०२१-५३४१२४/२५, फ्याक्स: ०२१-५३४१२६
इमेल: registry.btn.np@ohchr.org

**पश्चिमाञ्चल क्षेत्र**
डिकोपाटन, लेकसाइड, पोष्ट बक्स नं. १६०, पोखरा
टेलिफोन: ०६१-५५११५५, फ्याक्स: ०६१-५५११५४
इमेल: registry.pok.np@ohchr.org

**मध्यपश्चिमाञ्चल क्षेत्र**
कौशल्या मार्ग, वार्ड नं. १६, नेपालगञ्ज
टेलिफोन: ०८१-५२१९८९
फ्याक्स: ०८१-५२४३३७
इमेल: registry.npj.np@ohchr.org

**सुदुरपश्चिमाञ्चल क्षेत्र**
हसनपुर-५ धनगढी न.पा., कैलाली
टेलिफोन: ०९१-५२३५०३, फ्याक्स: ०९१-५२६५०४
इमेल: registry.dgd.np@ohchr.org


नाइजल हिलर-गार्भे/ओएचसिएचआर-नेपाल




# हाम्रो चिनारी

**नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर)**

## संयुक्त राष्ट्रसंघ के हो ?

संयुक्त राष्ट्रसंङ्घ (यूएन) शान्ति, सुरक्षा र विकासको प्रर्वद्धनको लागि संसारभरिका सरकारहरूले स्थापना गरेको संस्था हो । यसमा नेपालसहित १९० भन्दा बढी देशहरू आबद्ध छन् । यसका मुख्य कार्यालयहरू जेनेभा र न्यूयोर्कमा छन् ।

## मानवअधिकार भनेको के हो?

संसारका हरेक व्यक्तिसंग मानवअधिकार हुन्छ, जस्तै बाँच्न पाउने अधिकार, खान पाउने अधिकार, शिक्षा आर्जन गर्ने अधिकार तथा धम्की र त्रासबिना विचार राख्न र व्यक्त गर्न पाउने अधिकार । यी अधिकारहरूबिना मानिसहरू मर्यादित भएर बाँच्न सक्दैनन् । मानवअधिकारको संरक्षण र प्रर्बद्धनको लागि सरकारहरू प्रतिबद्ध हुन्छन् ।



## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) के हो ?

उच्चायुक्तको कार्यालय कुनै पनि जाति, जनजाति, लिंग, धर्म वा राष्ट्रियताको ख्याल नगरी सबै व्यक्तिको मानवअधिकारको संरक्षण र प्रबर्द्धनको लागि काम गर्दछ । उच्चायुक्तको कार्यालयले मान्छेहरूलाई आफ्नो अधिकारको बारेमा बुझ्न मद्दत गर्दछ र सरकारलाई सबै नागरिकको मानवअधिकारको सम्मानलाई सुनिश्चित गर्न सहयोग गर्दछ ।

नाइजल ह्विलर-गार्भे / ओएचसिएचआर-नेपाल



## उच्चायुक्तको कार्यालय किन नेपालमा कार्यरत छ ?

जनताको मानवअधिकारको सम्मान कसरी गर्ने गरिएको थियो भन्ने कुराको अनुगमन गर्न र मानवअधिकारको प्रबर्द्धन र संरक्षणका लागि कसरी काम गर्ने भन्ने बारेमा सरकारलाई सल्लाह प्रदान गर्न नेपाल सरकारसंग सहमति भएपछि उच्चायुक्तको कार्यालय २००५ को मे महिनामा नेपालमा स्थापना भएको हो ।

## उच्चायुक्तको कार्यालय - नेपालले शान्ति प्रक्रियाको अवधिमा के गरिरहेको छ ?

- उच्चायुक्तको कार्यालयले नोभेम्बर २००६ मा सरकार र नेकपा - माओवादीले गरेको मानवअधिकार प्रतिबद्धताको कार्यान्वयनको अनुगमन गरिरहेको छ ।
- उच्चायुक्तको कार्यालयले द्वन्दको अवधिमा र द्वन्द पछि मानवअधिकारका गम्भीर उल्लङ्घनमा यदि कोही व्यक्तिहरू दोषी छन् भने उनीहरूलाई जवाफदेही बनाउन वकालत गर्दै आइरहेको छ ।
- उच्चायुक्तको कार्यालयले मानवअधिकारको पूर्ण सम्मान गर्दै सुधारिएको कानुन र व्यवस्था स्थापना गर्न दबाव दिइरहेको छ ।
- उच्चायुक्तको कार्यालयले लोकतान्त्रिक अधिकारहरू, जस्तै अभिव्यक्ति स्वतन्त्रता, संघ र संस्थासंग संलग्न हुने स्वतन्त्रता तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको प्रर्बद्धन गरिरहेको छ ।
- उच्चायुक्तको कार्यालयले सीमान्तिकृत समूहहरू, जस्तै दलित, आदिवासी तथा जनजाति, महिला र मधेशीका मानवअधिकारको सम्मानको प्रर्बद्धन गरिरहेको छ ।